# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, असार २४ गते २०५९ साल (अतिरिक्ताङ्क ३१

## भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५९ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६२

## आर्थिक वर्ष २०५९।६० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्न व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना: आर्थिक वर्ष २०५९।६० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न तत्काल आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरी बक्सेकोछ।

१. संक्षिप्त नाम: यस अध्यादेशको नाम "विनियोजन अध्यादेश,२०५९" रहेकोछ।

२. आर्थिक वर्ष २०५९।६० को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकार: आर्थिक वर्ष २०५९।६० को निमित्त अनुसूची-१ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची -२ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ को साधारण खर्चको र महल ५ को विकास खर्चको रकम महल ६ मा उल्लिखित जम्मा रु.७८,६५,६९,५५,०००।-(अठहत्तर अरब पैंसठ्ठी करोड उनान्सत्तरी लाख पचपन्न हजार रुपैंयाँ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन: (१) यो ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०५९।६० को निमिंत्त अनुसूची-२ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची-२ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा श्री ५ को सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। विकास खर्च तर्फ विनियोजित रकम साधारण खर्च तर्फ सार्न सकिने छैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान संख्या ८६ देखि ९५ सम्म विनियोजन भएको रकम अनुदान संख्या ११ देखि ९५ सम्मको जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– १
(दफा २ सँग सम्बन्धित)

## नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार सञ्चित कोष माथि व्ययभार हुने रकम

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रु. हजारमा) |
| १ | ११ | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरबार | ३८७९०० |
| २ | १२ | राजपरिषद् | ९१५४ |
| ३ | १३ | संसद | ४८९५ |
| ४ | १४-३-११० | सर्वोच्च अदालत | ४४९०० |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १४७९० |
| ६ | १६ | महालेखा परीक्षकको विभाग | ५६५२१ |
| ७ | १७ | लोक सेवा आयोग | ५२८३० |
| ८ | १८ | निर्वाचन आयोग | ५४६८८२ |
| ९ | ८१ | अर्थ मन्त्रालय-आन्तरिक ऋण भुक्तानी | ७७३४५०६ |
| १० | ८२ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ५९३६९७५ |
| ११ | ८३ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | २६७५९८८ |
| १२ | ९५-३-५४० | अर्थ मन्त्रालय विविध-दण्ड जरिवाना फिर्ता | २५०० |
| | | जम्मा | १७४६७८४१ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६५
मुद्रण विभाग, सिंहदरबार

## अनुसूची- २
(दफा २ संग सम्बन्धित)
### सञ्चित कोषबाट खर्च हुने रकम

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | साधारण खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | विकास खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | जम्मा विनियोजित रकम (रु.हजारमा) |
| १ | १३ | संसद | १९५०६४ | ० | १९५०६४ |
| २ | १४ | अदालत | ४०३८३५ | ६३५७१ | ४६७४०६ |
| ३ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ० | २६७५ | २६७५ |
| ४ | १६ | महालेखा परीक्षकको विभाग | ० | २२२७९ | २२२७९ |
| ५ | १७ | लोक सेवा आयोग | ० | ४६३५ | ४६३५ |
| ६ | १८ | निर्वाचन आयोग | १२००० | ० | १२००० |
| ७ | १९ | महान्यायाधिवक्ताको कार्यालय | ८४०१५. | ५७३८ | ८९७५३ |
| ८ | २० | न्याय परिषद् | ५७२० | ० | ५७२० |
| ९ | २५ | प्रधानमन्त्रीको कार्यालय | १४०२१ | ० | १४०२१ |
| १० | ३० | मन्त्रिपरिषद | ५०५७६ | ० | ५०५७६ |
| ११ | ३५ | अर्थ मन्त्रालय | ४८२९१५ | ६३४२०७ | १११७१२२ |
| १२ | ३८ | उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय | २६०५८७ | १०३७३७३ | १२९७९६० |
| १३ | ३९ | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | २२४७२ | २८७१ | २५३४३ |
| १४ | ४० | कृषि तथा सहकारी मन्त्रालय | १६६७९४ | २२५६७३२ | २४२३५२६ |



४०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | साधारण खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | विकास खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | जम्मा विनियोजित रकम (रु.हजारमा) |
| १५ | ४५ | गृह मन्त्रालय | ७४४१९७९ | ९३९२० | ७५३५८९९ |
| १६ | ४६ | जनसंख्या तथा वातावरण मन्त्रालय | ९२९० | ३३२४९ | ४२५३९ |
| १७ | ४७ | जलस्रोत मन्त्रालय | २७००८४ | ३०३८५९८ | ३३०८६८२ |
| १८ | ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | ४५०५४४ | ७००४६९५ | ७४५५२३९ |
| १९ | ४९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १०४००५ | ५३३७२३ | ६३७७२८ |
| २० | ५० | परराष्ट्र मन्त्रालय | ९८१७०१ | ० | ९८१७०१ |
| २१ | ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ३८००२८ | २९९२७२ | ६७९३०० |
| २२ | ५६ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ६१३६० | १८८५८८ | २४९९४८ |
| २३ | ५८ | रक्षा मन्त्रालय | ७२८२४९६ | ० | ७२८२४९६ |
| २४ | ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | १०१८२५४ | ६२५८२० | १६४४०७४ |
| २५ | ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | २६६९२ | ४५५२८७ | ४८१९७९ |
| २६ | ६५ | शिक्षा तथा खेलकूद मन्त्रालय | ११०५५६११ | ३३४६८१० | १४४०२४२१ |
| २७ | ६६ | सामान्य प्रशासन मन्त्रालय | ४३६३४ | १२००६ | ५५६४० |
| २८ | ६७ | सूचना तथा संचार मन्त्रालय | ९१७९१२ | १३७१७४ | १०५५०८६ |
| २९ | ६९ | स्थानीय विकास मन्त्रालय | ६४१३५४ | ५०७२५४७ | ५७१३९०१ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | साधारण खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | विकास खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | जम्मा विनियोजित रकम (रु.हजारमा) |
| ३० | ७० | स्वास्थ्य मन्त्रालय | २१७०५१८ | २७०१८९८ | ४८७२४१६ |
| ३१ | ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ४७९२९ | ६६२८९ | ११४२१८ |
| ३२ | ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ८५६३० | २४५१०० | ३३०७३० |
| ३३ | ८६ | अर्थ मन्त्रालय-लगानी वैदेशिक संस्थाहरु | ३७५०० | ० | ३७५०० |
| ३४ | ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | ०. | ८१०८४६५ | ८१०८४६५ |
| ३५ | ९५ | अर्थ मन्त्रालय-विविध | ५२५२७६० | २६८६१५३ | ७९३८९१३ |
| | | जम्मा | ३९९७७२८० | ३८६७९६७५ | ७८६५६९५५ |

लालमोहर सदर मितिः- २०५९।३।२४।२

आज्ञाले,

उदय नेपाली श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

## श्री ५ को सरकार
## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### २०५९ सालको अध्यादेश नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अध्यादेश

प्रस्तावना : श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही महसुल, कर, पोत, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालू राख्न वा हेरफेर गर्न



४६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा राजश्व प्रशासन सम्वन्धी प्रचलित कानूनलाई संशोधन समेत गर्न तत्काल आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेववाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरी वक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "आर्थिक अध्यादेश, २०५९" रहेकोछ ।

(२) यो अध्यादेशको दफा १, २, ३, ४, ५, ६, ९, १७ को उपदफा (१), दफा २१ र २२ २०५९ साल आषाढ २४ गतेदेखि र अन्य दफाहरु २०५९ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछन् ।

२. भंसार महसुल : (१) विदेशवाट नेपाल अधिराज्यभित्र पैठारी हुने माल वस्तुहरुमा अनुसूची-१ बमोजिम भंसार महसुल (साधारण भन्सार महसुल र थप भंसार महसुल ) लगाइने र असुल उपर गरिनेछ ।

(२) नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने माल वस्तुहरुमा अनुसूची-२ बमोजिम भंसार महसुल लगाइने र असुल उपर गरिनेछ ।

निकासी सेवा शुल्क : आर्थिक वर्ष २०५९/६० मा आर्थिक ऐन, २०५८ बमोजिम निकासी सेवा शुल्क लगाइने र असुलउपर गरिनेछ ।

कृषि सुधार शुल्क : आर्थिक ऐन, २०५८ को अनुसूची-१ को दफा १८ मा उल्लिखित मालवस्तु पैठारी हुँदा पैठारी मूल्यमा दश प्रतिशतका दरले कृषि सुधार शुल्क लगाई असुलउपर गरिनेछ ।

तर त्यस्ता मालवस्तुहरुको पैठारी हुँदा भन्सार महसुल लाग्ने रहेछ भने त्यस्तो पैठारीमा कृषि सुधार शुल्क लाग्ने छैन ।

५. धूमपान तथा मदिरा दस्तुर : (१) आर्थिक वर्ष २०५९।६० मा चुरोट, मदिरा, वियर आदिको उत्पादन तथा पैठारीमा देहाय वमोजिम दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

(क) स्वदेशी चुरोट प्रति खिल्लीमा दुई पैसा ।

(ख) विदेशी चुरोट प्रति खिल्लीमा पाँच पैसा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सिगार प्रति खिल्लीमा दश पैसा ।

(घ) २५,३० र ४० यू.पी. शक्तिको स्वदेशी वोतलवन्दी मदिरा प्रति एल.पी. लिटरमा दश रुपैयाँ ।

(ङ) ५५ र ६५ यू.पी. शक्तिको स्वदेशी वोतलबन्दी मदिरा प्रति एल.पी. लिटरमा पांच रुपैया ।

(च) स्वदेशी वियर प्रति लिटरमा एक रुपैयाँ

(छ) विदेशी मदिरा प्रति वोतल र क्यानमा बीस रुपैयाँ ।

(ज) विदेशी वियर, वाइन, स्याम्पेन, शेरी र यस्तै फर्मेण्टेड प्रक्रियावाट उत्पादित अल्कोहल कम भएका पेय पदार्थ प्रति वोतल र क्यानमा पाँच रुपैयाँ ।

तर विदेशमा गरिएको निकासी र वण्डेड वेयर हाउस तथा करमुक्त पसलवाट हुने बिक्रीमा यस्तो दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) बमोजिम असुल भएको दस्तुर स्वास्थ्य कर कोषमा जम्मा गरी त्यसको निश्चित रकम क्यान्सर, क्षयरोग तथा यस्तै अन्य रोगको रोकथाम तथा उपचार कार्यमा खर्च गरिनेछ ।

६. मदिरा नियन्त्रण सेवा दस्तुर : (१) आर्थिक वर्ष २०५९।६० मा सबै प्रकारका मदिराको उत्पादन वा पैठारीमा प्रति एल.पी. लिटर एक रुपैयाँ तथा वाइन र वियरको उत्पादन वा पैठारीमा क्रमशः प्रतिलिटर पचास पैसा र पच्चीस पैसा मदिरा नियन्त्रण सेवा दस्तुर लगाई असुल उपर गरिनेछ ।

तर विदेशमा गरिएको निकासी र वण्डेड वेयर हाउस तथा करमुक्त पसलवाट हुने विक्रीमा यस्तो दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) बमोजिम असुल भएको दस्तुर मदिरा नियन्त्रण सेवा दस्तुर कोषमा जम्मा गरी सो रकम अवैध मदिरा नियन्त्रण गर्ने कार्यमा खर्च गरिनेछ ।

तर यस्तो रकमको दश प्रतिशतसम्म रकम आन्तरिक राजश्व विभाग र सो विभाग अन्तर्गतका कार्यालयहरुको प्रशासनिक तथा भौतिक सुधारका कार्यमा खर्च गर्न सकिनेछ ।

(३) कोषको हिसाव किताबको लेखा परीक्षण महालेखा परीक्षकबाट गराउनु पर्नेछ ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८९

७. चलचित्र विकास शुल्क : (१) आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ को अनुसूची-५ वमोजिम चलचित्र विकास शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक ऐन, २०५८ को अनुसूची-५ को दफा ४ को सट्टा देहायको दफा ४ राएिकोछ :-

"४. आ.व ०५९।६० मा चलचित्र विकास शुल्कको दैनिक न्युनतम दर सवै श्रेणीको कुल सिट क्षमताको आधारमा असुल हुने जम्मा चलचित्र विकास शुल्कको वीस प्रतिशतले हुने रकम वरावर कायम गरिएकोछ ।"

८. सवारी साधन कर : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ को अनुसूची-७ वमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

९. रजिष्ट्रेशन दस्तुर, सेवा दस्तुर र घरजग्गा रोक्का दस्तुर : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ को अनसूची-८ वमोजिम रजिष्ट्रेशन दस्तुर, सेवा दस्तुर र घरजग्गा रोक्का दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

१०. स्थानीय विकास शुल्क : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ वमोजिम स्थानीय विकाश शुल्क लगाई असुल उपर गरिनेछ ।

११. प्रदूषण नियन्त्रण शुल्क : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ वमोजिम प्रदूपण नियन्त्रण शुल्क लगाई असुल उपर गरिनेछ ।

१२. टेलिफोन स्वामित्व शुल्क : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ बमोजिम टेलिफोन स्वामित्व शुल्क लगाई असुल उपर गरिनेछ ।

१३. पर्यटन सेवा शुल्क : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ को अनुसूची-९ वमोजिम पर्यटन सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. ग्रामीण शिक्षा विकास शुल्क : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ वमोजिम ग्रामीण शिक्षा विकास शुल्क लगाई असुल उपर गरिनेछ ।

१५. आकस्मिक लाभ कर : आर्थिक वर्ष २०५९।६० मा चिठ्ठा, उपहार, पुरस्कार, जितौरी तथा अन्य कुनै पनि आकस्मिक लाभ वापतको नगद भुक्तानीमा र जिन्सी भए प्रचलित वजार मूल्य कायम गरी सो वापत हुने भुक्तानीमा भुक्तानीकै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवस्थामा भुक्तानीकर्ताले भुक्तानी रकमको पच्चीस प्रतिशतका दरले आकस्मिक लाभ कर कट्टी गरी पन्ध्र दिनभित्र आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्नेछ । यसरी दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले शुल्क लगाई असुल उपर गरिनेछ । यसरी लागेको कर र शुल्क दाखिला नभएमा सरकारी बाँकी सरह भुक्तानीकर्ता वा भुक्तानी पाउने व्यक्तिबाट असुल उपर गरिनेछ ।

१६. क्यासिनो रोयल्टी : (१) आर्थिक वर्ष २०५९।६० मा नेपाल अधिराज्यमा रहेका क्यासिनोले वार्षिक एक करोड पैंतिस लाख रुपैयाँ रोयल्टी तिर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्यासिनोले तिर्नुपर्ने वार्षिक रोयल्टी वापत मासिक दामासाहीले हुन आउने रकम प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र रोयल्टी नबुझाउने क्यासिनोलाई वार्षिक पन्ध्र प्रतिशतका दरले शुल्क समेत लगाई रोयल्टी रकम असुल उपर गर्नु पर्नेछ । तीन महिनासम्म पनि बाँकी रोयल्टी र शुल्क नबुझाउने क्यासिनोलाई कर अधिकृतले बन्द गर्न आदेश दिन सक्नेछ ।

(४) यस दफा बमोजिम असुल उपर गर्नुपर्ने रोयल्टी र शुल्क सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१७. विशेष शुल्क : (१) विदेशबाट नेपाल अधिराज्यमा पैठारी हुने मालवस्तुहरुमा भन्सार प्रयोजनको लागि कायम भएको मूल्यमा देहायका दरले हुने रकम विशेष शुल्क वापत भन्सार बिन्दुमै लगाई असुल उपर गरिनेछ :-

(क) पाँच प्रतिशतसम्म भन्सार महसुल असुल हुने मालवस्तुमा मोलको एक प्रतिशत र सो भन्दा बढी भन्सार महसुल असुल हुने मालवस्तुमा मोलको तीन प्रतिशत ।

तर,-

(१) पच्चीस प्रतिशत भन्दा बढी भन्सार महसुल लाग्ने भाग ८७ अन्तर्गतका सवारी साधनहरुको मूल्यमा दश प्रतिशतले विशेष शुल्क लाग्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) साढे दुई प्रतिशत वा सो भन्दा कम भन्सार महसुल असुल हुने मालवस्तुको हकमा विशेष शुल्क लाग्ने छैन ।

(ख) पेट्रोल, डिजेल र मट्टितेल बाहेक परिमाणात्मक दरमा भन्सार महसुल लाग्ने अन्य मालवस्तुमा मोलको तीन प्रतिशत ।

(ग) आर्थिक ऐन, २०५८ को अनुसूची-१ को दफा १ को शीर्षक २७१०.११.१२ को पेट्रोल, २७१०.११.१७ को डिजेल र २७१०.११.१५ को मट्टितेलमा प्रति लिटर एक रुपैयाँ ।

(२) व्यक्ति, दम्पत्ती वा परिवार, संगठित संस्था, कम्पनी, साझेदारी फर्म तथा अस्थायी वासिन्दालाई तिनीहरुको आयकर प्रयोजनको लागि कायम हुने निर्धारण योग्य आयमा तीन प्रतिशतका दरले हुने रकम विशेष शुल्क लगाई आयकर असुल गर्दाकै समयमा असुल उपर गरिनेछ । आयकर ऐन, २०५८ को दफा ९४ बमोजिम चालू आर्थिक वर्षको कर किस्तावन्दीमा बुझाउँदा यो शुल्क समेत अग्रिम किस्ताबन्दीको रुपमा बुझाउनु पर्नेछ ।

तर आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ को उपदफा (१) को खण्ड (क) र (ख) वा उपदफा (२) को खण्ड (क) र (ख) बमोजिम मात्र आयकर लाग्ने र सोही ऐनको अनुसूची-१ को दफा १ को उपदफा (७) र (१०) बमोजिम आयकर लाग्ने करदातालाई यस्तो शुल्क लाग्ने छैन ।

(३) उपदफा (१) र (२) बमोजिम तिर्नुपर्ने विशेष शुल्क एक आपसमा मिलान गर्न पाइने छैन ।

१८. <u>दूरसंचार सेवा दस्तुर</u> : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ बमोजिम दूरसंचार सेवा दस्तुर लगाई असुल उपर गरिनेछ ।

१९. <u>दर घटाउन वा छूट दिन सक्ने</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन र प्रचलित कानून बमोजिम लगाइएका दस्तुर, शुल्क,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५४

महसुल र करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल र कर आंशिक वा पूर्णरुपमा छूट दिन सक्नेछ ।

२०. मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को,-

(१) दफा २ को खण्ड (न) को सट्टा देहायको खण्ड "न" राखिएकोछ :-

"(न) "कर अधिकृत" भन्नाले यस ऐनको प्रयोजनकोलागि श्री ५ को सरकारले नियुक्त गरेको कर अधिकृत, प्रमुख कर अधिकृत र प्रमुख कर प्रशासक सम्झनु पर्छ र सो शब्दले विभागका शाखा अधिकृत, निर्देशक र उप-महानिर्देशक वा यस ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी श्री ५ को सरकारले तोकेको अन्य कुनै अधिकृत समेतलाई जनाउनेछ ।"

(२) दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) यस ऐन बमोजिम लाग्ने करको दर दस प्रतिशतको एकल दर हुनेछ ।"

(३) दफा ११ को उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) लगातार एक वर्षसम्म शून्य विवरण दिने वा विवरण नै नदिई बसेका करदाता भएमा,"

(४) दफा १२ पछि देहायको दफा १२क. थपिएको छ :-

"१२क. काठको कारोबारमा कर लाग्ने मूल्यः (१) राष्ट्रिय वनको काठ लिलामी, छोडपूर्जी, वा चिरान आदेश पाएको समयमध्ये जुन पहिले हुन्छ, सो समयमा त्यस्तो काठको रोयल्टी रकममा शत प्रतिशत थप गरी हुन आउने रकममा कर लगाई असुलउपर गरिनेछ ।

(२) निजी आवादी, निजी वन वा सामुदायिक वनको काठ व्यापारिक प्रयोजनकोलागि बिक्री गरेमा रोयल्टी नलाग्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४८५

भए पनि उपदफा (१) मा व्यवस्था भए बमोजिम राष्ट्रिय वनको काठ सरह नै कर लाग्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि रोयल्टी मूल्यमा शतप्रतिशत थप गरी हुन आउने रकमभन्दा लिलामी रकम बढी भएमा लिलामी रकममा नै कर लाग्नेछ ।

(४) दर्ता भएको व्यक्तिले उपदाफा (१), (२) र (३) बमोजिम तिरेको कर कट्टी गर्न पाउनेछ ।"

(५) दफा १४ को,-

(क) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर दश लाख रुपैयाँभन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले दर्ता नभएको भएपनि आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बर सहितको विजक जारी गर्नु पर्नेछ ।"

(ख) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) व्यापारिक प्रयोजनकोलागि दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु वा सेवा खरीद गर्नेले दर्ता भएको व्यक्तिसंग खरीद गरी विजक लिनु पर्नेछ । यस्तो मालसामान ढुवानी गर्दा खरीद विजक साथमा रहेको हुनु पर्नेछ ।"

(६) दफा १८ को उपदफा (१) मा रहेका "कर अधिकृत समक्ष" भन्ने शव्दहरु पछि "वा हुलाकवाट रजिष्ट्री गरी" भन्ने शब्दहरु थपिएका छन् ।

(७) दफा २५ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएंको छः-

"(१क.) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुटनैतिक निकाय वा व्यक्तिले कर लाग्ने वस्तु वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेवा खरीद गर्दा एक पटकमा एक हजार पाँचसय रुपैयाँभन्दा कमको खरीदमा कर फिर्ता गरिने छैन ।"

(८) दफा २६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) उपदफा (१) को प्रयोजनको लागि ब्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ ।"

(९) दफा २९ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछ :-

"(ग) दफा १४ को उपदफा (१) र (४) को व्यवस्था उल्लघंन गरेमा प्रत्येक पटक पाँच हजार रुपैयाँ जरिवाना गरी लाग्ने कर समेत असुल गरिनेछ ।"

(१०) दफा ३४ पछि देहायको दफा ३४क. थपिएको छ :-

"३४क. विशेपज्ञको सेवा लिन सक्ने : श्री ५ को सरकारले कर परीक्षण सम्बन्धी कार्यको लागि सम्बन्धित विशेषज्ञको सेवा लिन सक्नेछ र यस्ता विशेपज्ञका सम्बन्धमा दफा ३७ मा उल्लिखित सरकारी गोप्यता सम्बन्धी व्यवस्था लागू हुनेछ ।"

(११) अनुसूची-१ र २ को सट्टा देहायका अनुसूची-१ र २ राखिएका छन् :-

"अनुसूची-१

(दफा ५ को उपदफा (३) संग सम्बन्धित)

कर छुट हुने वस्तु तथा सेवाहरु

समूह १ : आधारभूत कृषि उत्पादनहरु

(क) धान, चामल, गहूँ, मकै, जौ, कोदो, फापर, दलहन, दाल, पिठो, सुजी, ग्रिट्स, चना, बोडी, केराऊ, सिमी तथा यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरु र तिनको अवशेष,

(ख) हरियो तथा ताजा सागसब्जी, ताजा फलफूल, ताजा फूल, कन्दमूल तथा फलफूल, तरकारी र कन्दमूलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कृषि उत्पादनहरु (होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्ति बाहेक),

(ग) अप्रशोधित नगदेबाली (जस्तै उखु, कपास, अलैंची, अदुवा र सूठो, सनपाट, किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात, प्रांगारिक मल प्रयोग गरी उत्पादन भएको प्रमाणित अर्थोडक्स चिया, कफिको गेडा, भटमास, बदाम, रायोको गेडा, तोरीको गेडा, सर्स्युको गेडा, सूर्यमुखीको गेडा, तीलको गेडा) र त्यसबाट निस्केको पिना,

(घ) जडीबुटी (तिनको सार समेत)।

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरु

(क) अप्रशोधित तोरीको तेल,

(ख) धारा तथा टेंकरबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी,

(ग) दाउरा र गोल,

(घ) मट्टीतेल (हवाई इन्धन बाहेक),

(ङ) नून।

समूह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी, बोका, भेंडा, चौरी, राँगा, बदेल, सुंगुर, खरायो र यस्तै अन्य जनावर र तिनको अप्रशोधित काँचो परिकारहरु,

(ख) गाई, भैसी, बाखी र तिनको ताजा दूध (पास्चराईज्ड समेत) तथा ताजा दही,

(ग) हाँस, भाले तथा पोथी कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरु, तिनको ताजा मासु, अप्रशोधित काँचो परिकारहरु र अण्डा,

(घ) ताजा वा सुकाएको माछा (प्याकिङ्ग गरिएको बाहेक)।

समूह ४ : कृषि सामग्रीहरु

(क) समूह १ मा उल्लिखित बाली विरुवाको वीउ वीजन,

(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री,

(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरु : जमीन खन्ने तथा सफा गर्ने हाते औजारहरु, हाते आरा बाहेक झारपात तथा काठ काट्ने हाते औजारहरु, अन्नको गेडा झार्ने र भूस सफा गर्ने हाते औजारहरु, पशुहरुको चारा काट्ने हाते औजारहरु तथा हलोमा प्रयोग गरिने फाली,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४८८

(घ) पूर्ण रुपमा वा मुख्य रुपमा बालीनालीमा प्रयोग हुने कीटनाशक रसायनहरु,

(ङ) कृषि कार्यमा प्रयोग हुने ट्र्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरु, मत्स्य इन्कुबेटर, ८ अश्वशक्ति सम्मको पम्पिङ सेट र सो को ३० मिटर सम्मको होज पाइप,

(च) कुखुराले पानी पिउने भाँडो, कुखुराको चल्ला राख्ने बाकस र अण्डा राख्ने क्रेट,

(छ) पशुपंक्षीको दाना र फिडसप्लिमेण्टका तोकिएका पदार्थ इनग्रेडिएन्ट मात्र ।

समूह ५ : औषधी उपचार र यस्तै स्वास्थ्य सेवाहरु

(क) सरकारी स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने चिकित्सा वा शल्यक्रिया सेवा,

(ख) मानव रगत र मानव रक्तजन्य पदार्थहरु र भ्याक्सिन,

(ग) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा जनावरका अंग तथा तन्तुहरु,

(घ) पशु उपचार तथा मानवीय उपचारका औषधीहरु र गर्भ निरोधक साधनहरु,

(ङ) अशक्त र अपांग व्यक्तिहरुको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी बनेका साधनहरु,

(च) एक्स-रे फिल्म र उपचारको निमित्त प्रयोग हुने अक्सीजन ग्याँस,

(छ) औषधी उद्योग आफैले पैठारी वा खरीद गरेको औषधी व्यवस्था विभागले तोकेको हदसम्मको औषधीको कच्चा पदार्थ ।

समूह ६ : शिक्षा

(क) विद्यालय तथा विश्वविद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरु,

(ख) नाफा आर्जन गर्ने उद्देश्य नभएको व्यावसायिक वा पेशागत तालिम वा पुनर्ताजगी तालिमहरु,

(ग) विद्यालय तथा विश्वविद्यालयहरुले प्रदान गर्ने शिक्षण सेवा ।

समूह ७ : किताव, अखवार र मुद्रित सामग्रीहरु

(क) पुस्तक, अखवार, पत्रपत्रिका र आवधिक प्रकाशनहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) अखवारी कागज ।

समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा

(क) चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरु र तत्सम्बन्धी सेवा,

(ख) सांस्कृतिक कार्यक्रम,

(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यान (राष्ट्रिय निकुन्ज) को प्रवेश शुल्क ।

समूह ९ : यात्रुवाहक यातायात तथा ढुवानी सेवाहरु

हवाई यात्रा, गैर पर्यटकीय यातायात (केवुलकार बाहेक) तथा ढुवानी सेवाहरु (आपूर्तिसंग सम्वन्धित ढुवानी सेवा बाहेक) ।

समूह १० : व्यावसायिक वा पेशागत सेवा

कलाकार, खेलाडी, लेखक,नमूनाकार, अनुवादक, दोभापेले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा ।

समूह ११ : अन्य वस्तु तथा सेवा

१. हुलाक सेवा (श्री ५ को सरकारवाट संचालित मात्र)

(क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्बन्धी सेवा,

(ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तरण सम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरु,

(ग) हुलाक टिकट ।

२. वित्तीय तथा वीमा सेवा ।

३. वैंक नोट तथा चेक वूक

(क) नेपाली नोटको छपाइ तथा निप्काशन,

(ख) नेपाल अधिराज्य वाहिरवाट नेपाल अधिराज्य भित्र हुने बैंक नोटको आपूर्ति,

(ग) चेक वूक ।

४. सुन, चाँदी

(क) सुन, सुनका सिक्का र सुनका गहना,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।